# रामकृष्ण शर्मा

## व्यक्तित्व र कृति अध्ययन



# रामकृष्ण शर्मा
## व्यक्तित्व र कृति अध्ययन
(व्यक्तिपरक तथा कृतिपरक समालोचनात्मक लेखहरूको सङ्गालो)


सम्पादक : दिलु ठटाल र योगवीर शाक्य
प्रकाशक : नेपाली साहित्य अध्ययन समिति, कालेबुङ, भारत।


सर्वाधिकार : नेपाली साहित्य अध्ययन समिति, कालेबुङ।


प्रथम संस्करण : २०२३, ५०० प्रति
अक्षर संयोजन : धनबहादुर मगर, कालेबुङ।
मूल्य : भारू २००.००

ISBN : 978-81-958837-1-4

मुद्रण : रोयल हिमालयन प्रिन्टिङ प्रेस।

Ram Krishna Sharma Vyaktitwa Ra Kriti Adhyayaan
(Vyaktiparak Tatha Samalochnatmak Lekh Haru Ko Sangola.
Publisher- Balabhadra Sharma, Nepali Sahitya Adhyayaan Samity,
Kalimpong. ISBN:978-81-958837-1-4

# विषय सूचि

## व्यक्तित्व खण्ड

१. रामकृष्ण शर्माको जीवनको केही पक्ष : एक विहङ्गावलोकन/महानन्द पौड्याल/११
२.जस्टिस रामकृष्ण शर्मा/भाइचन्द प्रधान/२८
३.रामकृष्ण शर्माः अग्रगण्य समालोचक एवम् सफल विधिवेत्ता/नरबहादुर दाहाल/३१
४.रामकृष्ण शर्माको व्यक्तित्व अनि कृतित्व /स्वर्णिम धमाला/३७
५.नेपाली साहित्य जगत्का गौरव- रामकृष्ण शर्मा/टी एन सुवेदी/४५
६.रामकृष्ण शर्मासित भेटको सम्झना/हर्कबहादुर छेत्री/५२

## कृति अध्ययन खण्ड

७.रामकृष्ण शर्माको 'भावालु मन'/डा लक्खीदेवी सुन्दास/६१
८.भाषा सचेतक रामकृष्ण शर्मा/परसुराम पौड्याल/६८
९.रामकृष्ण शर्मा कथाकारका रूपमा/इन्द्रबहादुर छेत्री/८६
१०.कवि रामकृष्ण शर्माका कविता/योगवीर शाक्य/९६
११.रामकृष्ण शर्मा र उनका समालोचनात्मक कार्य/डा ममता लामा/१०१
१२.समालोचक रामकृष्ण शर्माको 'सप्तशारदीय': एउटा समालोचनात्मक कैरन/ डा राजकुमार छेत्री/११४
१३.'दश गोर्खा' अनि हामी 'धेरै गोर्खा'/योगेश खाती/१२२
१४.रामकृष्ण शर्माको 'टेबल गफ नौ बैठक' एक विवेचना/नवीन पौड्याल/१२९
१५.निबन्ध र निबन्धकार रामकृष्ण शर्मा/डा अमीर दर्जी (ठटाल)/१४०
१६.रामकृष्ण शर्माको एक बिसाउनी : एक अध्ययन/अनिलकुमार विश्वकर्मा/१४७
१७.रामकृष्ण शर्मा र उनको आध्यात्मिक दृष्टिकोण : अष्टावक्र/डा देवचन्द्र सुब्बा/१५८
१८.जातीय चेतनाको सन्दर्भमा रामकृष्ण शर्माका कविता/अजय लामा/१८०

# निबन्ध र निबन्धकार रामकृष्ण शर्मा

डा अमीर दर्जी (ठटाल)

## निबन्धको परिचय -

'निबन्ध' संस्कृतको शब्द हो। यसलै नेपाली र हिन्दी साहित्यमा प्रचलित गद्यमय विधाविशेषलाई जनाउँछ। 'निबन्ध' शब्दको अर्थ संस्कृत भाषामा 'बाँध्नु' भन्ने हुन्छ, 'निबन्धीति निबन्ध' अथवा 'निबध्नाति इति निबन्ध' वा 'निबध्नातीति' आदि। निबन्ध शब्दको व्युत्पन्न 'बन्ध' धातुमा 'नि' उपसर्ग र 'घञ्' प्रत्यय लागेर बनेको पाइन्छ। अङ्ग्रेजीमा यो 'निबन्ध' शब्दलाई 'एसे' वा 'एसाइ' (Essai) भनिन्छ र यसको शाब्दिक अर्थ अनुभवजन्य (Experiment) र प्रयास (attempt) भन्ने हुँदछ।[१]

अतः निबन्ध भन्नाले अनुभवजन्य नयाँ कुराहरूमा बाँधिएर त्यसैलाई बताउने वा व्यक्त गर्ने प्रयासजन्य कला हो। छोटो र छरितो आधुनिक गद्य भाषामा लेखिने साहित्यिक विधाको नाम निबन्ध हो। यसलाई एक प्रकारको कुरा गराइका रूपमा लिइन्छ। मनमा भएका कुराहरूको लिपिबद्ध शृङ्खलित रूप नै निबन्ध हो। हृदयले अनुभूत गरेका विचारहरूलाई लोकजीवनका रूपमा पस्कने काम गर्नु नै निबन्ध हो। निबन्ध साहित्यका विधाहरूमध्ये जेठो तथा कान्छो दुवै विधा हो। मान्छेको सोचाइ, विचार, आग्रह, प्रतिभा, खुबी आदिको आँकलनका आधारमा व्यक्ति र विषयको बोध हुने हुँदा कृतिको स्तरीयता र स्तरहीनताका आधारमा निबन्धलाई दुवै (जेठो तथा कान्छो) विधा मानिएको हो। समय तथा सीमाका दृष्टिले हेर्ने हो भने यो लगभग बिसदेखि तिस मिनेट समयावधिको सीमामा पढी सकिने गद्यात्मक अभिव्यक्ति हो।

## शब्दकोशअनुसार निबन्धको परिभाषा -

विभिन्न शब्दकोशहरूमा निबन्धलाई विविध प्रकारले अर्थ्याइएका पाइन्छन्। जसमध्ये  वामन शिवराम आप्टेद्वारा सम्पादित 'संस्कृत हिन्दी शब्दकोश'अनुसार 'निबन्ध भन्नाले बाँध्नु, आसक्त कुनै साहित्यिक रचना – ग्रन्थ वा कुनै कृतिको टीका शृङ्खला हो'१ भनेर अर्थ बोध गराएको भेटिन्छ। 'हिन्दी शब्द सागर' 'निबन्ध भनेको बाँध्नु हो, अतः कुनै एउटा निबन्धलाई योजनाबद्ध पारेर सरल, रोचक, आकर्षक तथा स्पष्ट शब्दमा आफ्नो विचार प्रकट गर्नु नै निबन्ध हो'[२] भनी बताएका छन्। 'बृहत् नेपाली शब्दकोश'अनुसार निबन्ध भन्नाले 'कुनै विषयलाई लिएर कल्पनात्मक वा